<u>सार्वजनिक यात्रुवाहक विद्युतीय ट्याक्सी सेवाको गुणस्तर, सञ्चालन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७८</u>

**प्रस्तावना:** प्रदेशभित्र वातावरणमैत्री, गुणस्तरीय, सुरक्षित, मर्यादित तथा प्रभावकारी सार्वजनिक यात्रुबाहक सवारी साधन सञ्चालन गर्न खनिज ऊर्जामा आधारित सवारी साधनलाई विद्युतीय ट्याक्सी सेवामा रुपान्तरणका आधारहरु निर्धारण गर्न बाञ्छनीय भएकोले "प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५" को दफा २८ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो मापदण्डको नाम "सार्वजनिक यात्रुवाहक विद्युतीय ट्याक्सी सेवाको गुणस्तर, सञ्चालन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७८" रहेको छ ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले यातायात व्यवस्था कार्यालय सम्झनु पर्छ र सो शब्दले यातायात व्यवस्था सेवा कार्यालय र ऐन बमोजिमका यातायात व्यवस्थापन सम्बन्धी कार्य गर्ने अन्य कार्यालयलाई समेत जनाउँछ ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालय सम्झनु पर्छ।

(ङ) "यात्री" भन्नाले सार्वजनिक सवारीको रुपमा ट्याक्सी सेवा प्रयोग गर्ने व्यक्ति सम्झनु पर्छ।

(च) "बाटो (रुट)" भन्नाले वाटो निर्धारण निर्देशिका २०७४ अनसुार सावजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्नका निमित्त निर्धारण गरिएको सार्वजनिक सडक वा वाटोलाई सम्झनु पर्छ।

(छ) "विद्युतीय ट्याक्सी" भन्नाले विद्युतीय शक्तिवाट सञ्चालन हुने यात्रुवाहक सार्वजनिक ट्याक्सी सेवा सम्झनु पर्छ।

३. **विद्युतीय ट्याक्सीको वर्गीकरण:** (१) विद्युतीय ट्याक्सीलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ।

प्रदेश सचिव

मन्त्री

(क) साधारण ट्याक्सी

(ख) विशेष ट्याक्सी

(२) उपदफा (१) अनुसार तोकिएको विद्युतीय ट्याक्सीको स्पेशिफिकेशन अनुसूची -१ बमोजिम हुनेछ।

४. <u>सट्टा दर्ता तथा बाटो इजाजत सम्वन्धमाः</u> (१) काठमाडौं उपत्यकामा पेट्रोलबाट चल्ने र उत्पादन मितिले बीस वर्ष नाघेका सार्वजनिक यात्रुवाहक ट्याक्सीको लगतकट्टा गरी सट्टा ट्याक्सी दर्ता गर्दा विद्युतीय ट्याक्सी दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बीस वर्ष अगावै स्वेच्छाले ट्याक्सीको लगतकट्टा गरी सट्टादर्ता गर्न चाहेमा ट्याक्सीको अवधि उत्पादन मितिले पन्ध्र वर्ष पुगेको हुनुपर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि दुर्घटना वा अन्य कारणले सञ्चालन हुन योग्य नभएमा तोकिएको समयावधी अगावै सट्टा दर्ता सुविधा दिन वाधा पर्ने छैन्।

(४) काठमाडौं उपत्यकामा ग्याँसबाट सञ्चालित सार्वजनिक यात्रुबाहक सवारीलाई ऐनको दफा १९ को उपदफा (४) बमोजिम सवारीधनीको स्वेच्छाले लगतकट्टा गरी पत्रु गरेमा एक पटकका लागि अनुसूची-१ मा तोकिए बमोजिमको विद्युतिय टयाक्सी सट्टा दर्ता सुविधा दिइने छ।

५. <u>डिजिटल डिस्प्ले तथा मिटर जडानः</u> (१) विद्युतीय ट्याक्सीको छतमा अनिवार्य रुपमा डिजिटल डिस्प्ले बोर्ड जडान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको डिजिटल डिस्प्ले बोर्ड अनुसूची-२ मा तोकिए बमोजिम हुनेछ।

(३) ट्याक्सीको रुपमा दर्ता भएका सवारी साधनले तोकिए बमोजिमको मिटर जडान गरी भाडा भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ।

तर विद्युतीय माध्यमबाट नगद रहित भाडा भुक्तानी प्रणाली लागू भए पश्चात सोही बमोजिमको भाडा भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ।

६. <u>विधुतीय ट्याक्सीको भाडाः</u> (१) विद्युतीय ट्याक्सीको भाडादर मन्त्रालयले तोके बमोजिम हुनेछ।

७. <u>पूर्वाधार र चार्जिङ स्टेशनः</u> (१) आयातकर्ता कम्पनी तथा निजी क्षेत्रले विद्युतीय ट्याक्सीका लागि पूर्वाधार र चार्जिङ स्टेशन स्थापना र सञ्चालन गर्न मन्त्रालय, नेपाल विद्युत प्राधिकरण र सम्वन्धित स्थानीय तहको स्वीकृति लिई गर्नुपर्नेछ।

(२) विद्युतीय सवारी प्रोत्साहन गर्न प्रदेश सरकारले संघीय सरकारको सहयोग तथा स्थानिय तहको समन्वयमा जग्गा प्राप्त गरी सरकारी चार्जिङ स्टेशन निर्माण तथा सञ्चालन गर्न सक्नेछ ।

८. <u>निरीक्षण र अनुगमनः</u> १) यो मापदण्ड कार्यान्वयनका सम्बन्धमा मन्त्रालयले आवश्यकता अनुसार निरीक्षण तथा अनुगमन गरी निर्देशन दिन सक्नेछ।



प्रदेश सचिव

मन्त्री

(२) उपदफा (१) बमोजिम मन्त्रालयले दिएको निर्देशन पालना गर्नु सम्वन्धित पक्षको कर्तव्य हुनेछ।

९. <u>सूचना प्रकाशन गर्नुपर्ने:</u> (१) यो मापदण्ड स्वीकृत भए पश्चात मन्त्रालयले सार्वजनिक सूचना वेवसाइट तथा सूचनापाटीमा प्रकाशन गर्नु पर्ने छ ।

१०. <u>बाधा नपर्ने:</u> (१) मापदण्ड स्वीकृत हुनु पूर्व साविकमा सञ्चालनमा रहेका ट्याक्सीको लगत कट्टा गरी साविकको मापदण्डको ट्याक्सी खरिद गरिसकेको (मापदण्ड लागू हुनु पूर्व भ्याट बिल जारी भएको) भए खरिद भइसकेको टयाक्सी दर्ता गर्न बाधा पर्ने छैन।

११. <u>बाधा अडकाउ फुकाउ:</u> यस मापदण्डमा उल्लेख गरिएको विषयमा कुनै दुविधा उत्पन्न भएमा मन्त्रालयले बाधा अडकाउ फुकाउन सक्नेछ।

सचिव

मन्त्री

अनुसूची-१

(दफा ३ को उपदफा २ सँग सम्वन्धित)

विद्युतीय ट्याक्सीको स्पेशिफिकेशन


| Description | साधारण (Ordinary) ट्याक्सीको Specification | विशेष प्रकृतिका(Deluxe) ट्याक्सीको Specification |
|---|---|---|
| Seating Capacity | 5 | 5 to 7 |
| Transmission | Automatic | Automatic |
| Boot Space Liter | 200 above | 250 above |
| Moter Power | 30 kw or above | 50 kw or above |
| Battery capacity | 20 kWh or above Lithium-Ion (Battery Cooler) | 40 kWh or above Lithium-Ion (Battery Cooler) |
| Body Type | Sedan | Sedan/Van |
| Ground Clearance (mm) | 170 or above | 175 or above |
| Air Bag | Driver Airbag | Dual Airbag |
| GPS System | Required | Mandatory |
| Range | 210 km or above | 275 km or above |
| Hill Assist | Optional | Required |
| Brake System | ABS | ABS and EBD |
| Central Locking | Required | Required |
| Parking Sensor | Optional | Required |
| Rear View Camera | Required | Required |
| AC | Optional | Required |
| Sound System | Optional | Required |

प्रदेश सचिव


अनुसूची-२

(दफा ५को उपदफा २ सँग सम्बन्धित)


**डिजिटल डिस्प्ले वोर्डको नमूना**




छतमा राखिने संकेत बत्ती (Rooftop Indicator Lamp Box) को नाप (मि.मि. मा) (लम्बाईः २८०-३२०, चौडाईः ८०-१०० र उचाईः ९०-११०, अक्षरको उचाई कम्तिमा ६०) अर्थोगोनल्ली प्रोजेक्टेड नाप उपरोक्त अनुसारमा नबढ्ने गरी अर्धवृत्ताकार वा अन्य डिजाइनको बत्ती समेत राख्न सकिनेछ। बत्तीमा लेखिएको अंग्रेजी Electric-O/D (साधारण भए O र विशेष भए D) संकेत माथि राखि तल "TAXI" शब्द अगाडि र पछाडि दुवै तर्फबाट प्रष्ट देखिनु पर्नेछ ।




सवारी खाली हुँदा बल्ने हरियो संकेत बत्ती




सवारी खाली नहुँदा बल्ने रातो संकेत बत्ती




सवारी सेवामा नहुँदा (When Off Duty) बल्ने पँहेलो संकेत बत्ती

उल्लेखित रंगीन बत्ती अनिवार्यरुपमा बाल्नुपर्ने र बत्तीमा बालिने ३ थरि रङ्गको नियन्त्रण स्वीच चालक सीटको अगाडि जडान गर्नु पर्नेछ।

मन्त्री

प्रदेश सचिव